मिति २०८० श्रावण ३२ गते शुक्रबार (वि.सं.२०८०।४।३२) तुलसीपुर उपमहानगरपालिकाको १४औं नगरकार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८०।३।२२ गते बसेको १३औं नगरकार्यपालिकाको नि.नं. २ बाट गठित तुलसीपुर ५ मा सञ्चालित कोसेली घरको भाडा व्यवस्थापन सम्बन्धी अध्ययन कार्यदलले प्रस्तुत अध्ययन प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तरगत जनस्वास्थ्य प्रवर्द्धन शाखामा कार्यरत स्वास्थ्य सेवा नरसिङ्ग समुह सहायक स्तर पांचौ तहमा कार्यरत श्री शारदा गौतम र स्वास्थ्य सेवा नरसिङ्ग समुह सहायक स्तर पांचौ तहमा कार्यरत श्री नन्दा गुरुङ्गलाई प्रमाणपत्र तहको अध्ययनका लागि पूर्व स्वीकृतीको सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ मा सल्लीबनमा सञ्चालित श्री सरस्वती चौतारा माद्यामिक बिद्यालय व्यवस्थापन समितिको मिति २०८०।४।७ बैठक,९ नं. वडा समितिको कार्यालयको च.नं. ८० मिति २०८०।४।९ को पत्रबाट समेत पूर्व :गहतेखोला,पश्चिम : मेघलाल भुसालको जग्गा,उत्तर :चेतकान्त भुसालको ऐलानी जग्गा र दक्षिण : लोकराज डागीको जग्गा यति चारकिल्ला भित्र रहेको शुद्ध ऐलानी प्रति अन्दाजी ०-८-१६ जग्गा उक्त विद्यालयले बिगत लामो समय देखि एकलौटी रुपमा भोकचलन गर्दै आएकोले उक्त चारकिल्ला भित्रको जग्गा श्री सरस्वती चौतारा माद्यामिक विद्यालयको नाममा दर्ता श्रेष्ताका लागि सिफारिस गर्न अनुरोध भई आएकोले दर्ता प्रकृयाका लागि सम्बन्धीत निकायका नाममा सिफारिस गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख